# वीरेन्द्रनगर नगरपालिका, सुर्खेत

मिति २०७४ पौष २७ गतेको वीरेन्द्रनगर नगरकार्यपालिकाको वैठकको निर्णय नं.२ को निर्णय अनुसार स्वीकृत **बजार एंव शहर व्यवस्थापन अभियान २०७४ संचालन अवधारणा पत्र**

१.पृष्ठभूमी

वीरेन्द्रनगर नगरपालिका मध्यपश्चिमाञ्चल विकास क्षेत्रको क्षेत्रिय सदरमुकाम एवं ६ नम्वर प्रदेशको प्रस्तावित राजधानीका रुपमा रहेको छ, वढ्दो शहरीकरण सँगसँगै यस नगरपालिकामा जथाभावि फोहर फाल्ने तथा सडक फुटपाथ एंव सार्वजनिक क्षेत्रमा अतिक्रमण गरि व्यापार व्यवसाय गर्नेहरुले नगरको स्वस्थता एंव सौन्दर्यता माथि नै चुनौतीको श्रृजना गरेकाले सोको नियन्त्रण एंव नियमनको लागि यो बजार तथा शहर व्यवस्थापन अभियान २०७४ संचालन गर्नका लागि यो अवधारणा पत्र तयार गरिएको छ ।

२.अभियानका उद्धेश्यहरु

- सार्वजनिक क्षेत्र एंव सडक फुटपाथ अतिक्रमण कार्यलाई नियन्त्रण गर्ने ।
- फोहरका कारण जाम भएका नालाहरुको सफाई गर्दै जथाभावि फोहर फाल्ने कार्यलाई निरुत्साहित गर्ने ।

३.अभियानका कार्य क्षेत्र र समयावधि

| चरण | कार्य क्षेत्र | समयावधि |
|---|---|---|
| प्रथम चरण | वी.न.पा.६ र वी.न.पा.८(साविकको वडा नं.९को सार्वजनिक तथा आवासिय क्षेत्र) | २०७४ फागुन मसान्त सम्म |
| दोश्रो चरण | रत्न राजमार्गको ५००मी दक्षिण र साविकको वीरेन्द्रनगरका प्रथम चरणमा उल्लेख नभएका वडाहरु | २०७४ चैत्र मसान्त सम्म |
| तेश्रो चरण | वीरेन्द्रनगर भित्रका सवै वडाहरु | २०७५ वैशाख मसान्त भित्र |

४.अभियानमा गरिने कार्यहरु

| कार्यक्षेत्र | संचालन गरिने कार्यक्रम | कार्यशैली |
|---|---|---|
| प्रथम चरणका क्षेत्र | सरोकारवाला समन्वय वैठक | जनप्रतिनिधि र उद्योगवाणिज्य संघ, प्रहरी,प्रशासन, पत्रकार सँग समन्वय वैठक |
| दोश्रो,तेश्रो चरणका क्षेत्र | वडास्तरीय सर्वपक्षिय वैठक | जनप्रतिनिधि, टोल विकास संस्था लगाएत सरोकारवाला वैठक |
| प्रथम,दोश्रो,तेश्रो चरणका क्षेत्र | सरसफाई विशेष अभियान | संयूक्त सरसफाई अभियान |
| प्रथम,दोश्रो,तेश्रो चरणका क्षेत्र | नाला सफाई | नाला सफाई टोलि गठन गरि जाम भएका नालाहरु खोल्ने कार्य गर्ने सो का लागि ४ जना छुट्टै सरसफाई कर्मिको टोलि |

| | | |
|---|---|---|
| | | परिचालन गर्ने । |
| प्रथम चरणका क्षेत्र | कुहिने नकुहिने छुटयाई फोहर संकलन | वडा नं ६ क्षेत्रका फोहरहरुलाई कुहिने र नकुइने छुट्याई संकलन गर्ने र कुहिनेलाई ग्रिन सिटिको कम्पोष्ट पलान्टमा मल वनाउन ग्रिन सिटीलाई २ जना जनशक्ति सहयोग मल विक्रि नहुंदा सम्म गर्ने, कुहिने फोहर निश्कने पसलमा अनिवार्य २ वटा भाडाको व्यवस्था गर्न लगाउने । |
| प्रथम चरणका क्षेत्र | सामुहिक अनुरोध कार्यक्रम | विशेष सरसफाई अभियान सम्पन्न भएको स्थानमा जथाभावि फोहर नफाल्न र फुटपाथमा पसलका सामाग्रि र निर्माण सामाग्रि नराख्न सामूहिक अनुरोध कार्यक्रम गर्ने, अनुरोध कार्यक्रममा प्रमुख उपप्रमुख सहित वडाका जना प्रतिनिधि र व्यापारी,टोल संस्थाको प्रतिनिधिको उपस्थीति अनिवार्य गराउने । |
| प्रथम चरणका क्षेत्र | हेंगीङ्ग गमला | मूख्य वजारको सडकका प्रत्येक विधुत एवं टेलिफोनको पोलमा हेंगीङ्ग गमला राख्ने र संभव भए सम्म पसल अगाडी समेत गमला राख्ने व्यवस्था मिलाउन अनुरोध गर्ने । |
| प्रथम चरण | फुटपाथ क्लियर | घरको छज्जा भन्दा वाहिर सामान नराख्न लगाउने, निर्माण सामाग्रि राख्दा अनिवार्य नगरपालिका सँग अनुमति लिने व्यवस्था मिलाउने, यसरी अनुमति दिंदा पिच सडकमा सवारी आवागमनमा असर नपर्ने गरि ४८ घण्टा भित्र, फुटपाथ क्षेत्रको ७ दिन भित्र, फुटपाथवाट मानिस हिड्न मिल्ने गरि १५ दिन भित्र सामान व्यवस्था गरि सक्नु पर्ने व्यवस्था मिलाउने । |
| प्रथम चरण | सार्वजनिक क्षेत्र अतिक्रमण नियन्त्रण | नगरपालिका तथा अन्य सम्वन्धित कार्यालयको अनुमति वेगर सार्वजनिक क्षेत्रमा घुम्ती, घर टहरा, छाप्रो वनाई वस्न एवं व्यवसाय गर्न रोक लगाउने सो का लागि १५ दिने सूचना प्रकाशन गरि यस्ता प्रकारको संरचना हटाउन अनुरोध गर्ने । सूचनाको अटेर गरेमा प्रहरीको सहयोगमा घुम्ती टहरा, छाप्रो हटाउने । कुनै निश्चित क्षेत्र तोकि ठेला,रिक्सावाट व्यवसाय गराइने र जहां वसेर व्यवसाय गरे वापत प्रति ठेला मासिक रु.५००। विटौरी कर लिइने । यसरी व्यवसाय गर्दा उक्त क्षेत्रमा वास वस्न नपाइने व्यवस्था गर्ने । |
| प्रथम,दोश्रो तेश्रो चरणका सवै क्षेत्र | सडक क्षेत्र अतिक्रमण नियन्त्रण | सडकको दुवै तर्फको नाला भित्र कुनै पनि किसिमको व्यवसाय गर्न तथा गाई गोरु वांध्न पूर्ण रुपमा निषेध गर्ने सो को कार्यान्वयनका लागि प्रथम चरणमा सार्वजनिक सूचना गर्ने, सूचनाको अटेर गरेमा माथि तोकिए अनुसारको दण्ड र सामाग्रि जफतको कार्य गर्ने । |
| प्रथम चरणका क्षेत्र | पार्किङ्ग व्यवस्थापन | मूख्य वजार क्षेत्रको मूख्य सडक मंगलगढी, राम मन्दीर गणेश चोक सडकका तोकिए वमोजिमको क्षेत्रमा मात्र पार्किङ्गको व्यवस्था ट्राफिकको सहयोगमा गर्ने । यसरी पार्कीङ्ग क्षेत्र तोक्दा बैंक लगाएतका बढी व्यक्तिले सेवा लिने क्षेत्रको पार्कीङ्ग अन्यत्र व्यवस्था मिलाउने । मुख्य सडक क्षेत्रको स्थायी पार्कीङ्ग व्यवस्थापनको लागि मुख्य सडक क्षेत्रको बाहिर पार्किङ्ग क्षेत्र तोक्ने । |
| प्रथम,दोश्रो,तेश्रो | इको क्लव गठन | प्रत्येक वडाका कम्तीमा १ उच्च माध्यामिक विद्यालयमा |

| | | |
|---|---|---|
| चरणका क्षेत्र | | वातावरण र सफाई प्रति विशेष सम्वेदनशिल इको क्लव गठन गर्ने, वडामा उच्च मा वि नभएमा कुनै पनि विद्यालयको सेवा क्षेत्र भित्र सम्वन्धित विद्यालयले आफ्ना विद्यार्थीहरुको वडास्तरीय इको क्लव गठन गर्न सक्ने छ । इको क्लवले यो अभियानलाई निरन्तरता दिन सहजीकरण गर्ने र स्थानिय यूवा परिचालनमा मूख्य भूमिका निर्वाह गर्ने छ । सोका लागि निर्देशिका जारी गर्ने, इको क्लव सूचिकृत गर्ने, उल्लेख्य कार्य गर्ने इको क्लवलाई नगरपालिकाले पुरस्कृत गर्ने । |
| प्रथम,दोश्रो,तेश्रोका क्षेत्र | सम्मान,दण्ड सजाय | ●पसल अगाडी सफा राख्ने एवं विशेष सजावट गर्ने व्यक्ती फर्मलाई मासिक रुपमा विशेष सम्मान गर्ने ।<br>**प्रथम चरण क्षेत्रमा**<br>●सडक तथा फुटपाथमा व्यवसायिक सामाग्रि राख्ने लाई प्रथम पटक रु.५०० सम्म, दोश्रो पटक रु.१०००। सम्म तेश्रो पटक सामाग्रि जफत गर्ने ।<br>●सडक तथा फुटपाथमा निर्माण सामाग्रि राख्ने व्यक्तिलाई प्रथम पटकका लागि रु.१०००। सम्म, दोश्रो पटक रु.२०००। तेश्रो पटक रु.३००० सम्म, चौथो पटक पनि सामाग्रि राखी अटेर गरेमा सामाग्रि जफत गर्ने ।<br>●दोश्रो,तेश्रो चरण क्षेत्रका सडक (नाला भित्र) क्षेत्रमा माथि उल्लेखित दण्ड सजायको नियम लागु गर्ने । यस क्षेत्रमा चौपाया वाधेमा समेत रु.५०० सम्म जरिवाना गर्ने ।<br>●जरिवाना असुल गर्दा जरिवाना बुझाउन अटेर गरेमा एकिकृत सम्पत्तीकर वा अन्य फर्म नविकरणको शुल्क असूल गर्दा असूल गर्न सक्ने । |
| प्रथम,दोश्रो तेश्रो चरणका सवै क्षेत्र | दिगोपनाका लागि संयन्त्र विकास | ●नगर प्रहरी गठन नहुँदा सम्म सेवा करारमा ४ जना सेक्यूरीटी नियूक्त गरि नगरपालिकाको स्थायी कर्मचारीको नेतृत्वमा अनुगमन तथा नियमन गर्ने ।<br>●आगामी आ.व. देखि हरेक वडामा यस प्रकारका कार्यक्रमलाई निरन्तरता दिन छुटै कार्यक्रम संचालनका लागि वजेटको प्रवन्ध गर्न योजना तर्जुमाका क्रममा निर्देशन गर्ने ।<br>●अभियान कार्यान्वयन गर्ने समितिको रुपमा वातावरण तथा विपद समितिलाई जिम्मेवारी दिने ।<br>●प्रत्येक वडामा इको क्लव गठन गर्ने ।<br>●अभियान संचालनका क्रममा भएका सवै गतिविधिको मासिक वैठक वसि समिक्षा गर्ने ।<br>●दण्ड जरिवाना र पुरस्कारको व्यवस्था ।<br>●अभियान अन्तरगत भएका सवै कार्यलाई नगरपालिकाको website मा सार्वजनिक गर्दै सुझाव संकलन गर्ने । |

मिति २०७४ पौष २७ गतेको वीरेन्द्रनगर नगरकार्यपालिकाको वैठकको निर्णय नं.२ को निर्णय अनुसार स्वीकृत बजार एवं शहर व्यवस्थापन अभियान २०७४ संचालन अवधारणा पत्रमा उल्लेखित कार्यक्रमहरु संचालनका लागि प्रस्तावित वजेट

कार्यक्रम संचालनका लागि आवश्यक श्रोत

| क.सं. | संचालन गरिने कार्यक्रम | पुष्टयाई | रकम |
|---|---|---|---|
| १ | सरोकारवाला समन्वय वैठक | चिया,खाजा, व्यानर, सहभागि ७५ जना | १०,०००।- |
| २ | वडास्तरीय सर्वपक्षिय वैठक | चिया,खाजा, व्यानर, सहभागि ८०० जना | ५०,०००।- |
| ३ | सरसफाई विशेष अभियान | व्यानर, कुचो, पञ्जा, माइक आदी | १५,०००।- |
| ४ | नाला सफाई | जनशक्ति परिचालन | ५०००००।- |
| ५ | कुहिने नकुने छुटयाइ फोहर संकलन | प्रचार प्रसार,पम्पलेट, जनशक्ति सहयोग | १५०,०००।- |
| ६ | सामुहिक अनुरोध कार्यक्रम | | |
| ७ | सम्मान । दण्ड सजाय | सम्मान सामाग्री | १५,०००।- |
| ८ | हेंगीङ्ग गमला | गमला फुल र फेम | २,००,०००।- |
| ९ | फुटपाथ ल्कियर | फ्यूल, टोलि परिचालन | ५०,०००।- |
| १० | सार्वजनिक क्षेत्र अतिक्रमण नियन्त्रण | | |
| ११ | सडक क्षेत्र अतिक्रमण नियन्त्रण | माइकीङ्ग, प्रचार प्रसार | ४००००।- |
| १२ | पार्किङ्ग व्यवस्थापन | स्यंम सेवक परिचालन, ट्राफिक परिचालन | ३०,०००।- |
| १३ | इकोक्लव परिचालन | इको क्लव प्रोत्साहन कार्यक्रम | १,६०,०००।- |
| १४ | दिगोपनाका लागि संयन्त्र विकास | सेक्यूरीटी गार्ड परिचालन ४ जना | ३००,०००।- |
| | **कुल जम्मा** | | **१५२००००।-** |

उल्लेखित वजेट वीरेन्द्रनगर नगरपालिकाको चालू आ.व.२०७४।७५ को  कार्यक्रम संचालन शिर्षकवाट व्यवस्था मिलाईनेछ ।